अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्यगढी गाउँपालिका
नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्यगढी गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्यगढी गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं. २०१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

सूर्यगढि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

नुवाकोट।

१. **कैफियत सहितको राय-** हामीले सूर्यगढि गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६ करोड ९६ लाख ६७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३ करोड ६२ लाख ६७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३९ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८७ लाख २५ हजार समेत गरी यस वर्ष रु.३ करोड ३४ लाख बेरुजू कायम रहेको छ ।सूर्यगढि गाउँपालिकाको गतवर्ष सम्म रु. १० करोड ४० लाख ३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३

करोड ७४ लाख ३ हजार रहेको छ । **सूर्यगढि गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ** ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सूर्यगढि गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सूर्यगढि गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

नायब महालेखापरीक्षक

सूर्यगढि गाउँपालिका,

नुवाकोट जिल्ला,

१. चालु वर्ष२०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६६	१८८	६९६६७	०	१२३	३६२६७	६६	६५	३३४००	७६४	१८७२५	१३९११	०	०	३२६३६	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	१०४००३	०	०	१०४००३	०	३३४००	१३७४०३

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	४१	बढि भुक्तानि पदाधिकारी सुविधा	८००००
१	०७९।८०	४२	ढिला राजश्व दाखिला असूली	३११०९
२	०७९।०८०	४६	रमेश गिरि विल भर्पाई पेश	३०००
३	०७९।०८०	४९	प्रोत्साहन भत्तामा छुट कर कट्टि	२५७२९८
	०७९।८०	५५	बैठक भत्तामा कर कट्टि छुट	५७१०
	०७९।८०	५७	बढि बैठक भत्ता रकम	११४४१०
	०७९।८०	५८	बढि दरमा बैठक भत्ता रकम	४९३००
	०७९।८०	६३	करार कर्मचारी मंहगि भत्ता	३११०००
	०७९।८०	७०	पोषाक भत्तामा छुट कर कट्टि	६८००
	०७९।८०	७३	गुनासो सुनुवाई भत्ता	२०४००
	०७९।८०	७७	योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन पेश	३२३५१६९०
	०७९।८०	८०	विद्यालयहरुको कार्य सम्पन्न प्रतिवेदन पेश	३००००००
	०७९।८०	९५	मुअकर समायोजन पत्र पेश	३५९८५
	चालु वर्षको जम्मा			३६२६६७०२
	गत विगत वर्षतर्फको			०
	कुल जम्मा			३६२६६७०२

पालिकाको अन्तिम लेखापरीक्षणको विवरणतल उल्लेख गरिएको छ ।

परिचय

१ **(क) कार्यालय परिचय** - स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।४ देखि २०८०।६।७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको कूल आयतर्फ रु. ५०९१४७८७४।८५ र व्ययतर्फ रु. ५५८३६०२८८।४९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची-३ मा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९१०३४४२२।०२, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४१००००, र प्रकोप व्यवस्थापन कोषको रु.१९५१८ समेत गरी रु ९१४६३९४०।०२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ०.४ , यस वर्षको प्राप्ति रु. -१५४३२१७२८.७३,यस वर्षको भुक्तानी रु. -१५४३१०३७३.७३ र बैङ्क मौज्दात रु. -११३५५.४ फरक परेको छ । सुत्रमा

पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ	
	विवरण	रकम	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		६९७०५२२५।०५	१	चालु खर्च	२५५१५५०९०।८
	क) नगद			२	पूँजीगत खर्च	१४६५७६४३८
	ख) बैंक	६५५०८२१२		३	वित्तिय व्यवस्था भुक्तानी	
	ग) धरौटी अ.	३९१४०७२				
	घ) प्रकोप व्यवस्थापन कोष	२८२९४०।६५		४	धरौटी फिर्ता	२२९८८६८
				५	जनश्रमदान फिर्ता	
२	राजस्व (आन्तरिक आय)		६९६६६३०६।८३	६	कोष फिर्ता	
	क) आन्तरिक राजस्व	५९५२२५१।६२		७	मौज्दात	
	ख) राजस्व बाँडफाँड	६३७१४०५५।२१			क) बैंक मौज्दात	१६४३२८८८।७६
	ग) अन्य आय				ख) नगद मौज्दात	

३	वित्तिय हस्तान्तरण संघ		२५९५६३४९५		ग) प्रकोप व्यवस्थापन कोष मौजात	२६३४२२।६५
	क) वित्तिय समानीकरण अनुदान	८०१०५०००		८	शसर्त अनुदान फिर्ता	६२८६५९५१।७१
	ख) सशर्त अनुदान	१६२०८३४९५		९	जनश्रमदान मौज्दात	
	ग) समपूरक अनुदान	४३७५०००		१०	धरौट मौज्दात	३७९६५००
	घ) विशेष अनुदान	१३०००००		११	कोष खाताको मौज्दात	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		८६२८१०००	१२	प्रकोप व्यवस्थापन कोष	१९९५१८
	क) वित्तिय समानीकरण अनुदान	७३३६०००				
	ख) सशर्त अनुदान	२६७४३०००		१३	सामाजिक सुरक्षा	९१०३४४२२।०२
	ग) समपुरक अनुदान	२९७०२०००		१४	गरबसँग विश्वेश्वर कार्यक्रम	४१००००
	घ) विशेष अनुदान	२२५०००००				
५	धरौटी आय	२१८१२९६	२१८१२९६			
६	लगानीको साँवा फिर्ता					
७	स्थानिय पूर्वाधार					

८	सामाजिक सुरक्षा	९१०३४४२२।०२	९१०३४४२२।०२			
९	गरबसँग विश्वेश्वर कार्यक्रम	४१००००	४१००००			
10	नसाटिएको चेक	११३५५	११३५५			
	जम्मा		५७८८५३०९९।९		जम्मा	५७८८५३०९९।९

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	६९७०५२२४.६५	३५४८२६१४६.१२	४०४०४९९१४.७६	२०४८१४५६.०१
एकीकृत आर्थिक विवरणअनुसार	६९७०५२२५.०५	५०९४४७८७४.८५	५५८३६०२८८.४९	२०४९२८११.४१
फरक	-०.४	-१५४३२१७२८.७	-१५४३१०३७३.७	-११३५५.४

२.४ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु ६,९५,३९,४९८.५३ रहेकोमा यस वर्ष रु६९७०५२२४।६५ जिम्मेवारी सारेको छ । यसरी बढी जिम्मेवारी सारेको रु १६५७२६।१२ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६५३७८८१८.४७ मौज्दात रहेकोमा यो वर्ष रु. ६९७०५२२५।०५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४३२६४०६।५८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

२.६ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४मा निम्नानुसार

रु११३५५.४० बैंक अनुसारको रकम बढी पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	०.००
ग १.३, आन्तरिक अनुदान खाता	०.००	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	२८,३७,२०६.५३	०.००
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	९७,९१,०७७.००	०.००
ग ३.१, स्धानीय तह धरौटी खाता	३७,९६,५००.००	३७,९६,५००.००
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३७,९३,२४९.८३	१,६४,३२,८८८.७६
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन	२,६३,४२२.६५	२,६३,४२२.६५
जम्मा	२,०४,८१,४५६.०१	२,०४,९२,८११.४१

२.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको प्रकोप व्यवस्थापन कोष खातामा रु.२८२९४०।६५, विविध खर्च खातामा रु.१८९०००, र धरौटी खातामा रु.३९१४०७२, समेत रु.४३९६०१२.६५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा देहायअनुसार स्रेस्ता भन्दा बैङ्क मौज्दात बढी देखाएको छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी
१	सञ्चित कोष	६५५०८२१२	६५५०८२१२
२	चालु खाता	०	०
३	पूँजीगत खाता	०	०
४	मर्मत खाता		
५	कल्याण कोष तथा विविध कोष खाता		
६	प्रकोप व्यवस्थापन कोष खाता	२८२९४०।६५	२८२९४०।६५
७	विविध खर्च खाता	१८९०००	१८९०००
८	नगर सरसफाई कोष खाता		
९	धरौटी खाता	३८२४०७२	३९१४०७२

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको अन्तिममा मात्र आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न बमोजिम रहेका छन् :

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७६ को उपनियम १ अनुसार अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा नदिएको तथा इ-टीडिएस समयमा गरेको देखिएन।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।

• संघ र प्रदेशका कतिपय भुक्तानी विधि तथा नर्मस् को मापदण्ड र कार्यविधि आंशिक मात्र लागु गरेको

• करारको कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिईएको

• समयमै योजना छनोट नभएको तथा योजना कार्यान्वयनको क्रममै कार्यपालिकावाट निर्णय गर्ने गरेको साथै योजना सम्झौताको मिति अगावैका कतिपय विल भरपाई पेश हुने गरेको

• योजना अनुगमन तथा प्रतिवेदन प्रणालिलाई व्यवस्थित गर्नुपर्ने देखिएको

• समयमै पेश्कि फछ्र्यौट् नगरी नगदै फिर्ता दाखिला हुने गरेको तथा ढिला पेश्कि फछ्र्यौट् गरेकोमा कारण नखुलाएको ।

• खर्च भएर जाने सामानको लागी प्रत्येक वर्ष फरक फरक जिन्सि रजिष्टर खाता राखेको तथा विगतका आर्थिक वर्षका जिन्सि मालसामान मौज्दात् नसारेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका जारी नगरेकोले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी, मितव्ययी, कार्यदक्षता जोखिमरहित ढंगबाट सम्पादन गर्न विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **काम नभई अनुदान फिर्ता भएको** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको ८० प्रतिशत सम्मको

रकम फिर्ता गरेको छ । अनुदान कार्यक्रमको नियमित अनुगमन तथा प्रतिवेदन नहुँदा अनुदानका कार्यक्रम प्रभावकारी भएको पाईएन । पालिकाले यस विषयमा गम्भिर हुनुपर्ने देखिएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	फिर्ता प्रतिशत
संघीय सरकार	शसर्त	१६२०८३४९५	१४२२४७६७४	१९८३५८४८	१२
	विषेश	१३००००००	८४८२६३२	४५१७३६८	३४
	समपुरक	४३७५०००	२७२९४८४	१६४५५१६	३७
प्रदेश सरकार	शसर्त	४९२४३०००	२७०८६०३६	२२१५६९६४	४५
	विषेश	२२५०००००	४६४५०२६	१७८५४९७४	८०
	समपुरक	२९७०२०००	१४९९१७४८	१४७१०२५२	५०
	अन्य	०	०	०	

६ पालनाको लेखापरीक्षण

६.१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन

गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।९ मा रु.४९ करोड ९८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल २४१ योजनामा वजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
वडा र पालिकास्तरीय	२४१	९	१२	२२०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी

नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२८ योजनामात्र कार्यान्वयन भई १३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६.६ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष खर्च हजारमा	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
३४९	१४६५७६.४४	५२	२	४	१२
७५ प्रतिशत भन्दा कम प्रगति हुनाको कारणः प्राविधिक लागत इस्टिमेट अनुसार कार्य नभएको।					

६.७ पालिकाले आ व २०७९।८० को लागी २४१ वटा उपभोक्ता समितिसँग रु ८८८२०००० को योजना सम्झौता गरेकोमा जम्मा २२८ योजनाको रु ७६७६४९०९।२० मात्र कार्यसम्पन्न भई भुक्तानी भएको र वाँकि सम्झौता भईसकेका १३ योजनाको रु ३१३०००० सम्झौता अनुरुपको कार्य नभएको पाईयो । यसरी सम्झौता भईसकेका योजना काम नै सुरु नभएको सम्वन्धमा पालिकाले स्पष्ट कारण खुलाएको छैन । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । पालिकाले आ व २०७९।८० को लागी २४१ वटा उपभोक्ता समितिसँग रु ८८८२०००० को योजना सम्झौता गरेकोमा जम्मा २२८ योजनाको रु ७६७६४९०९।२० मात्र कार्यसम्पन्न भई भुक्तानी भएको र वाँकि सम्झौता भईसकेका १३ योजनाको रु ३१३०००० सम्झौता अनुरुपको कार्य नभएको पाईयो । यसरी सम्झौता भईसकेका योजना काम नै सुरु नभएको सम्वन्धमा पालिकाले स्पष्ट कारण खुलाएको छैन । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड

बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत मात्र अनुमानित रु.१५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१६१२३३५अर्थात अनुमान भन्दा १०७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२५९५६३४९५	५९५२२५१.६२	२.३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति शुन्य रहेको छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले सो शिर्षकमा कर असुली शुन्य रहेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

११ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन

गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

१२ **आर्थिक सहायता -** सुर्यगढी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७४ को परिच्छेद २ मा सहायताको मापदण्ड तोकेको पाइन्छ जसमा दुर्घटना तथा दिर्घरोग तथा अन्य उपचार, गरिव तथा असहायको हकमा जेष्ठ नागरिक भत्ता नपाउने गरेको भएमा दश हजार सम्म, संघ संगठनको हकमा वडा तथा पालिका स्तरमा दश हजार सम्म जिल्ला स्तरिय र सो भन्दा माथिका कार्यक्रमहरुमा कार्यक्रमको प्रकृति हेरी रु ५ हजार देखि १५ हजार सम्म दिन सकिने व्यवस्था रहेको पाइन्छ ।त्यस्तै परिच्छेद तीन को भुक्तानी प्रकृयामा आर्थिक सहायता माग गर्ने व्यक्तिले नागरिकताको प्रतिलिपी आवश्यक देखिएमा वडाको सिफारिस तथा उपचारको हकमा अस्पतालको चेकजाँच गरेको कागजात तथा प्राकृतिक विपत्तिको हकमा प्रहरी सर्जमिन मुचुल्का सहितको निवेदन प्राप्त भएपछि तीन हजार सम्म प्रमुख प्रशासकिय अधिकृतले र सो भन्दा माथि पालिका प्रमुखको तोक आदेशमा भुक्तानी दिने व्यवस्था रहेको पाइन्छ ।तर पालिकाले आफैले बनाएको कार्यविधि भन्दा वढी रकम भुक्तानी दिएको देखिन्छ। यस्तो रकम प्रदान गर्दा कार्यविधि बमोजिम गर्नुपर्दछ ।जसका केही उदाहरण निम्नानुसार छन्

गो भौ नं मिति	नाम	रकम	कैफियत
२२८-०७९/१०/५	राजकुमार लामा	५००००	राहत स्वरुप
४३५-०७९/१२/२०	डोल वहादुर तामाङ	२००००	काज किरिया खर्च बापत
४३७-०७९/१२/२०	जय वहादुर तामाङ	२००००	काज किरिया खर्च बापत
३४६-०७९/११/११	देव कुमार तामाङ	४५०००	दुवइमा हुने प्रतियोगिताको लागि सहभागि हुन
४२३-०७९/१२/८	सन्तोष प्याकुरेल	२००००	जिल्लास्तरिय तेक्वान्दो कार्यक्रमको सहयोगको लागि
४९९-०८०/१/१५	राष्ट्रिय संगितकर्मी संघ	७५०००	आर्थिक सहयोग

१३ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ५९५२२५१ राजस्व बाँडफाँड र अनुदानबाट रु ५०३४९५६२३ समेत रु५०९१४७८७४।८५ आम्दानी भएकोमा चालु तर्फ रु २५५१५५०९० र पूँजिगत तर्फ रु १४६५७६४३८ र वित्तीय ब्यबस्था तर्फ रु १५६६२८७५९।७३ समेत रु

५५८३६०२८८।४९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०६ प्रतिशत रहेको छ ।यसवर्ष पदाधिकारी सुबिधामा रु४०८०००० खर्च भएको छ जुन आन्तरिक आयको ६९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४६ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **बर्षान्तमा रकमान्तर**- स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार नगरपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप नगरपालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस नगरपालिकाले २०७९ आषाढमा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी चैत्र महिनामा कार्यपालिकाको निर्णयवाट ७५ वटा योजनाको रु.५०६५४००० करोड रकमान्तर घट गरी सो रकम विभिन्न १३७ योजनमा बजेट वृद्धि गरी खर्च गरेको र आ व २०८०।८१ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन । समयमै योजना छनोट गर्ने, नियमित अनुगमन गर्ने र भुक्तानी प्रणालिलाई व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१५ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १ देखि ४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

योजनाको नाम	बोलपत्रदाता	लागत इस्टिमेट	सम्झौता रकम	घटी प्रतिशत
Purchase And Supply Of Vehicle	Agni incorported Pvt.Ltd.	७५०००००	७४९५०००	१
हल्देकालिका, थरिटोल, कालिकास्थान, चोकदे सडक स्तरोन्नती	जुरेथुम निर्माण सेवा	१९०२९५१८	११३५११४५	-४०
पोखरी, गहते, कालिकास्थान,अर्चले चोकदे सडक स्तरोन्नती	चोकदे BS कन्स्ट्रक्सन प्रा.ली.	१८६९९२८१	९७२९०९८	-४८
नेनेखोला, मर्स्याङ भर्याङ, सानो भोर्ले, डिठ्ठा स्वाँर सडक स्तरोन्नती सुर्यगढी वडा नं. १ र २	भेटवाल निर्माण सेवा	१९१७८१८१	१०३०२५८७	-४६
चोकदे बागेश्वोरी भञ्याङ हुदै रसुवा जोड्ने सडक	चोकदे BS कन्स्ट्रक्सन प्रा.ली.	९५९७५९१	५२३६०५४	-४५
बिसमुरे मुहान गरी बेलटार खेत सिंचाई योजना	भेटवाल निर्माण सेवा	७००४३३८	४८१९२६४	-३१
हिले सिम्ले एक घर एक धारा खानेपानी योजना	केराबारी कन्ट्रक्सन एण्ड सप्लाएर्स प्रा.लि.	४५४३००२	३१२५०१७	-३१
लच्याङ्ग एक घर एक धारा खानेपानी योजना	केराबारी कन्ट्रक्सन एण्ड सप्लाएर्स प्रा.लि.	७४६९३४१	५२३७८१०	-३०

१६ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले योजना तथा राजस्व व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद गरी रु.४८५९०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

१७ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

क्र.सं.	योजनाको नाम	Consultant	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	भुक्तानी भएको रकम
१	विभिन्न सडक DPR	Balak Engineering Pvt. Ltd.		१११८६४०
१.१	हल्देकालिका, थरिटोल, कालिकास्थान, चोकदे सडक स्तरोन्नती		४४७२७०६८	
१.२	पोखरी, गहते, कालिकास्थान,अर्चले चोकदे सडक स्तरोन्नती		२१६६३४२२५	
१.३	नेनेखोला, मर्स्याङ भर्याङ, सानो भोर्ले, डिठ्ठा स्वाँर सडक स्तरोन्नती सुर्यगढी वडा नं. १ र २		८१३८३३०४७	
२	विभिन्न खानेपानि योजना DPR	Kantipur Engineers and Builders Pvt. Ltd.		
२.१	बिसमुरे मुहान गरी बेलटार खेत सिंचाई योजना भाग - १		५९२०१८३	१९७२४१५
२.२	बिसमुरे मुहान गरी बेलटार खेत सिंचाई योजना भाग - २		५७७७५६६	
२.३	हिले सिम्ले एक घर एक धारा खानेपानी योजना		१०८५७८९२	
२.४	लच्याङ्ग एक घर एक धारा खानेपानी योजना		२३०८२३१३	
२.५	डोलम्टार खोल्सा लिफ्ट खानेपानी		३९९५३२६५	
३	DPR of Building	Fewa Engineers and Builders.	९१२२४११९	४९७५३९

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु

पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१८ **वीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका काममा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था अनुसार वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

क.सं.	योजनाको नाम	सम्झौता रकम
१	सानोकोठे सिंचाई योजना सुर्यगढ़ी - ४	२६८२५५३
२	झगडेखेत सिंचाई योजना, सुर्यगढी - ३	२६६२३३२
३	जलकन्या देवी कमलामाई मन्दिर, सुर्यगढी - ४ नुवाकोट	२६६७३३६
४	नेनेखोला खोला सानो भोर्ले सडक वडा नं. २, सुर्यगढी, नुवाकोट	५३११२३४
५	नँयाचौरा न्यु चण्डिका सडक, सुर्यगढी, नुवाकोट	५५०११३८
६	चोकदे बोहोरे लच्यांग सडक पहिरो नियन्त्रण	२१८७३०४
७	पिप्ले बस्ति संरक्षण	५२६१८९२

१९ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२० **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर,

लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
८।७।२१	वडा नं २ सडक निर्माण	३४३८०८	एक्साभेटर	४०५४४४
९।७।२४	वडा नं ३ सडक निर्माण	३४१९२२	एक्साभेटर	३९६६३०

२१ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२१२७००० खर्च गरेको छ । यसवाहेक अन्य विविध खर्चमा उदाहरण निम्नानुसार छन् ।

कार्यक्रमको नाम	रकम
गाउँपालिका महासंघ	५००००
सुर्यगढी तेक्वान्दो डोजाङ	२००००
राष्टिय संगितक्रमि संघ	७५०००
प्रहरीचौकीको लागि व्यवस्थापन खर्च	२२०००
पर्यटकीय क्षेत्र घोषणा कार्यक्रम	८००००
मतदान शिक्षा कार्यक्रम	१२५५०
गातर्फ बाट बहस वकिल.पा.	६००००

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२३ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले पालिका स्थापना भएको २०७४ साल देखि नै जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२४ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२५ **जिन्सि दाखीला -** पालिकाले मालसामान खरिद गर्दा माग फाराम तथा खरिद आदेश अनुसार खरिद गरी प्राप्त सामान जिन्सि व्यक्तिगत जिन्सि खातामा समेत दाखिला गर्नुपर्दछ । तर पालिकाले अग्नि ईन्कर्पोरेटेडसँग रु ७४९५०००।०० को महेन्द्रा पिक अप १ थान ४ पाङ्ग्रे सवारी साधन खरिद गरेको छ । यसरी खरिद गरेको सामानको माग फाराम तथा खरिद आदेश पेश नभएको तथा सो को लेखापरीक्षणका क्रममा वुझिलिनेको व्यक्तिगत जिन्सि खाता तथा सो को व्लुवुक पेश भएको छैन। नियममा भएको व्यवस्था अनुसार जिन्सि व्यवस्थापन हुनुपर्दछ ।

२६ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकीको अभिलेख नभेटेको र यो वर्ष थप भएको १५ गरी कुल १५ विवाद दर्ता भएकोमा ७ वटा मात्र फस्यौंट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२९ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १०२ संघसंस्था र व्यक्तिहरुलाई रु. १४ लाख आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५९५२२५१ को २३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३० **विपन्न परिवार घर निर्माण अनुदान -** विपन्न परिवार घर निर्माणका लागी अनुदान वितरण कार्यविधि २०७९ को वुँदा नं ५(ग) मा अन्तिम लाभग्राहि यकिन गरि कार्यक्रम कार्यान्वयन गर्न वडा वाट सिफारिस गरी कार्यविधिको बुदाँ १० अनुसारको ४ सदस्यिय समितिले छनोट गरेर कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । तर पालिकाले कार्यविधि अन्तर्गत सुचक निर्धारण नगरी प्रतिव्यक्ति २ लाख रुपैयाका दरमा सहयोग गर्ने निर्णय गरेको पाईयो । यस वर्ष जम्मा ९ जना व्यक्तिलाई जम्मा रु १२४९६९६ भुक्तानी भएको छ । विपन्न परिवार घर निर्माण अनुदान को स्पष्ट सुचक तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३१ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामानमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत छैटौ समेत २६ पदहरु रिक्त रहेका छन् । पालिकाले पेश गरेको विवरण अनुसार स्वास्थ्य सेवा सहायक चौथोमा जम्मा ८ जनाको दरवन्दि रहेकोमा करारसमेत १८ जना कार्यरत रहेको तथा जम्मा ५ वडा मध्ये २ वडा सचिवको पद रिक्त रहेकोमा कार्यालय सहायक तथा सामाजिक परिचालकलाई कार्यपालिकाको निर्णयवाट वडा सचिवको जिम्मेवारी दिएको पाईयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता तथा जिम्मेवारी नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गर्ने र पद अनुसारको जिम्मेवारी दिई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३३ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४ करोड ६६ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	कुल खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	२८३५०००	२२३९८२५८	१५
२	पूर्वाधार विकास	१२४७९९०००	८५९२९४७४	५८
३	सामाजिक विकास	३२१०००००	१७९१७२०१	१२
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४३८३०००	३८८३५३५	२
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१७३८७०००	१६४४७९७०	११

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास मा सबैभन्दा बढी ५८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ ।

३५ **पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च रु हजारमा			आषाढ महिना
		प्रथम	दोस्रो	तेश्रो	
पुँजीगत खर्चतर्फ	१४६५७६	६०७६	२२१४०	११८३५८	६८१९५
प्रतिशत	१००	४	१५	८१	४७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक निकासा भएकोमा प्रथम त्रैमासिकमा ४ प्रतिशत, दोस्रो त्रैमासिकमा १५ प्रतिशत र तेस्रो त्रैमासिकमा ८१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६८१९५ (४७प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने

किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३७ **विपद व्यवस्थापन कोष**

३७.१ विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्ने व्यवस्था रहेको छ ।विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुदा नं १३ मा विपदबाट भएको क्षति र प्रभावको मुल्यांकन स्थानिय तहबाट सम्बन्धि विषयमा दक्ष जनशक्ति सहितको कार्यदलबाट गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यदलले विपद विस्तारको प्रभावको अवस्था, प्रभावित र क्षतिको विवरण सहितको प्रतिवेदन सम्बन्धित तहको विपद व्यवस्थापन समितिमा पेश गर्नुपर्ने र समितिले आवश्यक निर्णय गर्ने व्यवस्था रहेको छ ।पालिकाले ऐन बमोजिमको समिति गठन नगरी पालिका प्रमुखको तोक आदेशमा विपदबाट भएको क्षतिको कार्यविधि बमोजिमको कार्यदल गठन नगरी स्थानिय विपद व्यवस्थापन कोषको कानुन वमोजिक संचालन नगरी उद्दार, राहत तथा पुर्नस्थापना शिर्षकमा रकम विनियोजन गरी सोही शिर्षक मार्फत राहत वितरण गरेको देखियो । जसको केही नमुना देहायवमोजिम उल्लेख गरिएको छ ।

गो भौ नं	नाम	रकम	विवरण
३९७-०७९/१२/६	सिताराम तामाङ	७०००	वडाको सिफारिस तथा प्रमुखको तोक आदेशमा
४१०-०७९/१२/६	चक्रवहादुर तामाङ	७०००	दमको विरामी निवेदन र तोक आदेशमा
४१३-०७९/१२/७	आशा कुमारी तामाङ	७०००	आर्थिक स्थिति कमजोर भनी दिएको निवेदनको आधारमा
४२२-०७९/१२/८	कान्छा तामाङ	९०००	भीरबाट लेडेको निवेदनको आधारमा प्रमुखको तोक आदेशमा
४३५-०७९/१२/२०	डोल बहादुर तामाङ	२००००	काज किरिया गर्न
४३७-०७९/१२/२०	जय वहादुर तामाङ	२००००	काज किरिया गर्न

३७.२ विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुदा नं १८ मा कोषमा मौज्दात रहेको कुल रकममध्ये विपद् प्रतिकार्यका लागि कम्तिमा तीस प्रतिशत रकम रहने गरी विपद जोखिम न्युनिकरण प्रतिकार्यको पुर्व तयारी पुन निर्माण तथा पुनस्थापनाका लागि वढिमा सत्तरी प्रतिशत रकम कार्यकारी समितिको स्वीकृतिमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाइएन । पालिकाले यस वर्ष विपद व्यवस्थापनमा रु १४०४११० खर्च गरेको छ ।

३८ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । त्यस्तै वाग्मति प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागि कुनै पनि कर्मचारी करामा राख्न नपाईने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.४२९००० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
अध्यक्षको स्वकिय सचिव	१	२३४०००
उपाध्यक्षको स्वकिय सचिव	१	१९५०००

अनियमित भएको	४,२९,०००

३९ **अवकाश पश्चात् पनि तलव भुक्तानी -** स्थानिय तहका सेवाको गठन तथा सञ्चालन सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७९ को दफा ७९ को उपदफा २ वमोजिम ऐन प्रारम्भ भएको मितिले १ वर्ष सम्मको लागि ५८ वर्ष उमेर पुगेका कर्मचारीले कर्मचारी सेवावाट अनिवार्य अवकाश पाउने उल्लेख छ । पालिकाका कर्मचारी नववहादुर श्रेष्ठको जन्म मिति २०२१।१।१० रहेको र नियमानुसार ५८ वर्षे सेवा अवधि ले २०७९।१।९ अवकाश हुनेमा पालिकाले २०७९।१।१० देखि २०८० बैशाख मसान्तसम्म विमा तथा कर्मचारी सञ्चयकोष समेत जम्मा रु ४१५११६।४० तलव भुक्तानी गरेको छ । यसरी अवकाश पश्चात् पनि तलव भुक्तानी भएको सम्वन्धमा भुक्तानी दिने अधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

असुल गर्नुपर्ने	४,१५,११६

४० **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकावाट अवकाश कोष सम्वन्धमा कुनै व्यवस्था गरेको छैन। यसमा पालिकाले ध्यान दिनुपर्दछ ।

४१ **पदाधिकारी तथा सदस्यको सुविधा**

✂ .... (प्रारम्भिक प्रतिवेदनउपर राजकुमार तामाङ को ४८,००० दिपक अधिकारी को १६,००० र रामशरण राई को १६,००० दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ८०००० सम्परीक्षण गरिएको ।

४२ **राजश्व दाखिला -**

✂ .... (प्रारम्भिक प्रतिवेदनउपर विष्णुराम तामाङको रु.३११०९ दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ३११०९ सम्परीक्षण गरिएको ।

४३ **थप सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन २०७५ को दफा २० को उपदफा २ मा नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा दोहोरो पर्ने गरी प्रदेश तथा स्थानिय सरकारबाट तत् तत् शिर्षकमा थप सामाजिक सुरक्षा भत्ता विवरण नगर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामाजिक सुरक्षा भत्ता पाउने ७० वर्षमाथिका जेष्ठ नागरिकलाई उपचार खर्च शिर्षकबाट खर्च हुने गरी १२८६ जनालाइ बार्षिक रु १५०० को दरले खर्च गरेको अनियमित देखिएको रु.

अनियमित भएको	१९,१७,०००

४४ **कर कट्टी नगरेको -** आयकर ऐन २०५८ को दफा ८९ मा ५० हजार भन्दा वढीको भुक्तानी दिँदा १.५ प्रतिशत कर कट्टी गरेर भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।कालिका वुक्स् स्टेसनरीलाइ स्टेसनरी सामान खरिदवापत जम्मा रु ९९९०७२ भुक्तानी दिँदा रु १३२६२ कर कट्टी गर्नुपर्नेमा रु १२६३ मात्र कट्टी गरेकोले कम कट्टी भएको राजश्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	११,९९९

४५ **मु अ कर भुक्तानी -** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने र दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिने व्यवस्था रहेको छ।पालिकाले जनहितमा जारी सन्देश प्रशारणको सम्झौता अनुसार भ्याटमा दर्ता नभएको दुप्चेश्वर मिडिया प्रालि लाई १३५६०० भुक्तानी गर्दा भ्याट वापत रु १५६०० भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१५,६००

४६ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा विल भरपाई साथ लेखा राखु पर्ने व्यवस्था रहेको छ । देहायका कार्यक्रमको भरपाइ विना भुक्तानी लेखेको रकम प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

गो भौ नं मिति	नाम	रकम	कैफियत
१५९-०७९/९/५	फाइवर नेट कम्युनिकेशन प्रालि	४१३०००	कार्वन कपी विलको आधारमा भुक्तानी
१७०-०७९/९/१३	वडा नं १	२३६०	वत्तीको विल नभएको
६३०-०८०/३/२१	बैकुण्ठ गिरि	६००००	वहस गरेको पारिश्रमिक भुक्तानीमा मु अ कर विजक पेश नभएको
	जम्मा	४७५३६०	

(प्रारम्भिक प्रतिवेदनउपर रमेश गिरी को दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ३००० सम्परीक्षण गरिएको ।

प्रमाण पेश नगरेको	४,७५,३६०

४७ **सम्झौता नगरी सवारी प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले टेकवहादुर अधिकारीको सवारी नं ८३७१ कार्यालय प्रयोजनको लागि विभिन्न समयमा प्रयोगको गरेको देखिन्छ । यसरी आ व मा पटक पटक सवारी प्रयोग गर्दा प्रत्येक पल्ट सम्झौता गरी सम्झौता बमोजिमको मात्र भुक्तानी दिनु पर्नेमा सवारीधनीको निवेदनको आधारमा भुक्तानी दिएको रु ४९४७०० भुक्तान गरेको नियमित नदेखिएको रु.

अनियमित भएको	४,९४,७००

४८ **इन्धन खर्च** - बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १क मा नगरपालिका प्रमुख र उपप्रमुखले मासिक ८०/८० लि. इन्धन पाउने उल्लेख छ ।आ.व. ०७९।०८० मा पालिका प्रमुखले ३०२४ लिटर इन्धन पालिकाबाट वुझेको र रु.१३१९३९ बराबरको इन्धन खर्च वापत भुक्तानि लिएको देखिन्छ ।यसरी आ.व. ०७९।८० को इन्धन प्रयोगको औषत निकाल्दा प्रति महिना ३१४.८ लि. इन्धन खर्च भएको देखिन्छ । अर्थात मासिक २३४.८ लि. इन्धन बढि भुक्तानि भएको छ ।यस्तो खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४९ **कर कट्टि नगरेको**

✂ .... (प्रारम्भिक प्रतिवेदनउपर विभिन्न ११ जना व्यक्तिको प्रोत्साहन भत्ता भुक्तानिमा कर कट्टि छुट भएको १४% रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. २५७२९८ सम्परीक्षण गरिएको ।

५० **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को (४) कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आर्श्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । यस वर्ष गाउपालिका पूजिगत तर्फको विभिन्न योजनाको कन्टिन्जेन्सि रकमवाट गाउपालिका पूजिगत तर्फ शिर्षकवाट पालिकाका विभिन्न १२ कर्मचारीलाई ३५ देखि ५० प्रतिशत सम्म गणना गरी जम्मा २१,७६,३१० भुक्तानि गरेको छ । त्यस्तै विभिन्न ७ जना कर्मचारीलाई सञ्चार सुविधावापत रु १००००० भुक्तानी गरेको छ । पालिकाले अतिरिक्त प्रोत्साहन भत्ता प्रदान सम्वन्धि कार्यविधि २०७५, को परिच्छेद ४ को बुँदा नं (ख) मा प्रत्येक महिना कार्यालय समयवाहेक कम्तिमा ६० घण्टा काम गरेको हुनुपर्ने, प्रस्तावनामा एक भन्दा बढी पदको जिम्मेवारी वहन गरेको हुनुपर्ने तथा वार्षिक प्रगति वारेमा उल्लेख छ । उल्लेखित विभिन्न शर्त निर्धारण गरेकोमा पालिकावाट सो अनुरुप भए नभएको यकिन गर्नुपर्दछ । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरी विभिन्न सुचक निर्धारण गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

५१ **विज्ञापन बोर्ड कोष** - विज्ञापन नियमन गर्ने ऐन २०७६को दफा २१को उपदफा २ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ ।पालिकाले यस्तो रकमको भुक्तानी मा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको पाइएन जसका केही नमुना देहाय वमोजिम उल्लेख गरिएको छ ।

गो भौ नं मिति	नाम	रकम	छुट प्रतिशत	कैफियत
२५-०७९/६/१२	दुप्चेश्वर मिडिया प्रालि	१३५६००	०	जनहितमा जारी सन्देश कार्यक्रम
४३-०७९/६/१२	रिभर एडभरटाइजिङ	१४२६३४	१५	हिमालय टाइम्समा सुचना प्रकाशन
७८-०७९/७/२१	Mhendo media pvt ltd	१२४८००	१५	प्रभाव दैनिकमा सुचना प्रकाशित
१६५-०७९/६/१२	Agan media pvt ltd	१५५२५०	२५	सौर्य दैनिक सुचना प्रकाशन
२४२-०७९/१०/५	तामाङ डाजाङ	३५०००	०	सुचना प्रकाशन
२४३-०७९/१०/५	ग्लोवल भ्वाइस प्रा लि	२२०००	०	सैलुङ अनलाइन

२४७-०७९/१०/५	सुभारम्भ प्रिन्टिङ एण्ड प्याकेजिकङ प्रा लि	२००००	०	पात्रो छपाइ
३२०-०७९/११/२	तामाङ डाजाङ	३५०००	०	सुचना प्रकाशन
४९५-०८०/१/१४	सर्वोच्च साप्ताहिक	१९८००	२०	सुचना प्रकाशन
४९२-०८०/१/२३	रेडियो जालपा	३००००	०	कार्यक्रम प्रशारण
४९८-०८०/१/१५	तामाङ डाजाङ	३५०००	०	सुचना प्रकाशन

५२ **चाडपर्व खर्च**- सुर्यगढी गाँउपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को वुदा नं ७ मा नगर प्रहरीको दरवन्दी सिर्जना तथा खारेजीको प्रस्ताव पेश गर्नुभन्दा अगाडी सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यवोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १८ जना पालिका प्रहरी राख्दा उल्लेखित कार्यविधि पालना गरी नियुक्ति गरेको पाइएन । साथै सोही कार्यविधि को बुँदा नं ३४ मा सेवा करारमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको हकमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुने व्यवस्था रहेको छ । तर पालिकाले गाउँकार्यपालिकाको निर्णय वेगर नगर प्रहरी विष्णुराम तामाङ समेत १८ नगर प्रहरीलाइ चाडपर्व खर्च वापत रु २७३००० भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	२,७३,०००

५३ **कर कट्टी नगरी भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ । दुधेदेवी माध्यमिक विद्यालयले राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता २०७९ माघ १३, १४ र १५ गते सुर्यगढी १ मा कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम स्वीकृत नगराएको तथा के कति सहभागि रहेको सोको विवरण नभएको तथा कार्यक्रमको प्रतिवेदन नभएको (खर्च विवरणको मात्र भएको) मा कार्यक्रमको प्रतिवेदन पेश गर्नुपर्ने साथै देहायका व्यक्तिलाइ कर कट्टी नगरी भुक्तानी दिएको कर रकम असुल गर्नुपर्ने रु.

नाम	दिन	दर	जम्मा वुझेको	कर रकम
वविन श्रेष्ठ	४	२०००	८०००	१२००
सुमन घले	४	२०००	८०००	१२००
अमित राइ	४	२०००	८०००	१२००
रोजिना राई	४	२०००	८०००	१२००

दिपशिखा राई	४	२०००	८०००	१२००
दिनेश गुरुङ	४	२०००	८०००	१२००
	जम्मा			७२००

असुल गर्नुपर्ने	७,२००

५४ **पेश्कि रकम फरक शिर्षकवाट खर्च लेखेको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणीत गर्ने आवश्यक कागजात विल भरपाइ र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने तथा (५) प्रतिवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचवुझ गरी सात दिनभित्र त्यस्तो पेश्की पर्स्यौंट गरिसक्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा १८ मा सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने प्रतिवेदन प्रचलित कानुन बमोजिम छपाइ गरी प्रकाशन गर्नुपर्ने दस्तावेज वाहेक अन्य दस्तावेज छपाइ नगरी वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाका न्यायिक सहजकर्ता राममणी अधिकारीले न्यायिक समिति मार्फत अभिमुखीकरण कार्यक्रम संचालन खर्च शिर्षकबाट पेश्की वापत वुझेको रकम क्यालेन्डर छपाइ गरी पेश्की फर्स्यौंट गरेको रु ३४००० नियमित नदेखिएको रकम नियमित गर्नुपर्ने रु.

अनियमित भएको	३४,०००

५५ **कर कट्टी**

✂ **............. (प्रारम्भिक प्रतिवेदनउपर सुलोचना गजुरेल को ७२० कृष्ण अधिकारी को १,४४० रामहरी न्यौपाने को ३,००० शिव श्रेष्ठ को ५५० कर कट्टि छुट भएको रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ५७१० सम्परीक्षण गरिएको ।**

५६ **कार्यक्रम सञ्चालन तथा प्रमाण संलग्न नगरी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं ५ का वडा अध्यक्ष अच्युत राज ढकाललाई मिति २०७९/५/१८ गते कार्यक्रम सञ्चालन गरेवापत अध्यक्षको तोक आदेशका आधारमा रु ८०००० भुक्तानी दिएको देखिन्छ । उक्त कार्यक्रमको प्रस्ताव स्वीकृत नगरी, को को सहभागि थिए र के कस्ता कार्यक्रम भएको हो सो को उल्लेख नभई तथा कार्यक्रमको प्रतिवेदन वेगर भुक्तानी दिएको रु ८०००० कार्यक्रम भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८०,०००

५७ **बैठक भत्ता**

.... (प्रारम्भिक प्रतिवेदनउपर विभिन्न २६ जनाको बढि भुक्तानि भएको बैठक भत्ता रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ११४४१० सम्परीक्षण गरिएको ।

५८ **बढी दरमा भत्ता भुक्तानी** - स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसुची १ख मा गाउँ सभाको वैठक भत्ता अध्यक्षको रु १५०० उपाध्यक्ष र सदस्यहरुले रु १००० पाउने व्यवस्था रहेको छ ।पालिकाले गाउँसभाका सदस्यलाई अध्यक्ष वरावरको वैठक भत्ता उपलब्ध गराएकोले वढी वुझेको भत्ता रकम श्री टेक बहादुर अधिकारीबाट असुल गर्नुपर्ने रु.

नाम	बैठक संख्या	वुझेको दर	हुनुपर्ने दर	फरक रकम	जम्मा	करकट्टी पछि वुझेको रकम
टेक वहादुर अधिकारी	२	१५००	१०००	५००	१०००	८५०

(प्रारम्भिक प्रतिवेदनउपर विभिन्न ५८ जनाको बढि दरमा भुक्तानि भएको बैठक भत्ता रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ४९३०० सम्परीक्षण गरिएको ।

असुल गर्नुपर्ने	८५०

५९ **बढी दरमा भुक्तानी** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को नियम १.१.१५ मा सि नं ४ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा गाँउपालिकास्तर कक्षा सञ्चालन बापत रु ६०० र कार्यपत्र वापत ७०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धित कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यस्था छ साथै कार्यक्रम संयोजकको रु ४०० र सहयोगी कर्मचारीको रु ३०० पाउने व्यवस्था रहेको छ ।पालिकाले सहकारी व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्दा देहायका प्रशिक्षकको कर कट्टी नभएको र वढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

नाम	सेसन	भुक्तानी भएको दर	पाउनुपर्ने दर	जम्मा पाउनुपर्ने रकम	करकट्टी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	जम्मा वढी रकम
सरोज अधिकारी	१०	२१००	१३००	८०००	६८००	२१०००	१४२००

नारायण श्रेष्ठ	१०	२१००	१३००	८०००	६८००	२१०००	१४२००
						जम्मा	२८४००

असुल गर्नुपर्ने	२८,४००

६० **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बागमति प्रदेश सरकारले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ४० लाख ८० हजार खर्च लेखेको देखिन्छ

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ५ जना	कार्यपालिका सदस्य ६	सभाका सदस्य 16	जम्मा 29
१	बैठक भत्ता			१६५०००			१६५०००
२	यातायात खर्च	०	१२००००	२४००००	१८००००	३८४०००	९२४०००
३	टेलिफोन,मोबाइल	०	०	०	०	०	०
४	पुस्तक,पत्रीका,	२४०००	२४०००	६००००	७२०००	१९२०००	३७२०००
	ईन्टरनेट						
५	समन्वय तथा सहजीकरण	१२००००	१२००००	४२००००	१४४०००	०	८०४०००
६	अतिथि सत्कार	१०८०००	६००००	२४००००	१४४०००	२८८०००	८४००००
७	खानेपानी/बिजुली/	६००००	६००००	१२००००	१०८०००	९६०००	४४४०००
८	खाजा खर्च	६००००	६००००	१८००००	१०८०००	२८८०००	६९६०००
	जम्मा	३७२०००	४४४०००	१४२५०००	७५६०००	१२४८०००	४०८००००

६१ **प्रमाण पेश गर्नुपर्ने** - प्रदेश सशर्त चालु ; २१।०८०।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनपर्ने व्यवस्था रहेको छ । पालिकामा बाल विवाह अन्त्यका लागि समुदाय

परिचालन कार्यक्रम अन्तर्गत न्यायिक सहजकर्ता श्री राममणि अधिकारीले कार्यक्रम सञ्चालनका लागि वडा नं १ र ३ का २ वटा सामुदायिक विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्ने भनि प्रस्ताव पेश गरेपनि कार्यक्रमसँग सम्बन्धित सहभागी संख्या, कार्यपत्र, कार्यक्रम सञ्चालन मिति कुनै पनि प्रमाण समावेश नरहेकाले कार्यक्रम सञ्चालन भए नभएको आश्वस्त हुन सकिएन । निजले रु १५०,०००। रकम बराबरको कार्यक्रम सञ्चालन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५०,०००

६२ **प्रति लिटर दूधमा अनुदान** - पालिकाले यस आ वको स्वीकृत नीति तथा कार्यक्रमको आर्थिक विकास अन्तर्गतको बुँदा नं १४ मा दूध संकलन गर्दा किसानलाइ प्रतिलिटर रु ५। का दरले अनुदान दिने कार्यक्रम सञ्चालन गरेको छ । अनुदान वितरणका लागि पालिकाले गाउँकार्यपालिकाको निर्णयमार्फत व्यवसायिक पशुपालक कृषक दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७९ पारित गरी आर्थिक विकास कार्यक्रम अन्तर्गत ३५० जना कृषकलाइ व्यक्तिगत खातामा प्रति लिटर रु ५ का दरले कुल ४५३,०५७.८० लिटर दूधको कुल रु २२,६५,२८९। भुक्तानी दिएको छ ।३ वटा डेरी र १६ वटा स्थानका दूध संकलनकर्तामार्फत संकलित दूधमा अनुदान रकम निकासा गर्दा पशुपन्छी शाखाको प्रत्यक्ष अनुगमन पश्चात सम्बन्धित दूध उत्पादक कृषकको बैंक खातामा नै भुक्तानी भएको छ । कुनै एक संकलन केन्द्रबाट संकलन गरी अर्को संकलन केन्द्रसम्म पुर्याउँदा दोहोरो नपर्ने गरी अनुदान रकम वितरण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६३ **करार कर्मचारीलाइ महंगी भत्ता**

✂ .... (प्रारम्भिक प्रतिवेदनउपर विभिन्न १५ जना करारमा कार्यरत कर्मचारीको महंगि भत्ता रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०-१-२५ को निर्णयबाट कूल रु. ३११००० सम्परीक्षण गरिएको ।

६४ **कार्यक्रमको प्रभावकारिता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख रहेको छ । तर, पालिकामा संघीय सशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम बजेट मध्येबाट देहायका कार्यक्रम बजेट सञ्चित कोषमा नै फिर्ता पठाइएको पाइयो ।

कार्यक्रम	बजेट विनियोजन रु.	खर्च रु.	फिर्ता रकम रु.
प्रधानमन्त्री रोजगार कार्यक्रम	६९७५०००	६३०४२८०	६७० ७२०
गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम	२८६००००	९०५४५२	१९५४ ५४८

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गत आ वको श्रमिक ज्याला रु ५४,८०,४२८। भुक्तानी गरी ३ जना करार कर्मचारीहरुको तलब भत्ता तथा प्रशासनिक खर्चमा रु१४,९४,५७२। र गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत २ जना कर्मचारीहरुको तलब भत्तामा रु९०५,४५२। खर्च भएको पाइयो। यसरी कार्यक्रम सञ्चालन नै नगरी करार कर्मचारीहरुलाइ तलब भत्ता बापत रकम भुक्तानी दिँदा थप व्ययभार पर्न गएको देखिन्छ । अत यस आ वमा कार्यक्रम सञ्चालन नहुँदा थप रोजगारी सृजना र उद्यम विकासमा प्रभाव पर्न गएको देखिन्छ । तसर्थ स्वीकृत बजेट रकम जुन आ वका लागि निकासा भएको हो सोही आ वमा कार्यक्रम सञ्चालन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६५ **नियमविपरीत भुक्तानी** - प्रदेश सशर्त चालु ; २०।०८०।३।१७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को बुँदा नं १९ मा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गाउँपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने, बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडाको छनौट गर्ने र बुँदा नं २१ मा अनुसूची ३ मा उल्लेख भएका सूचकहरुका आधारमा ८० प्रतिशत भन्दा बढी अंक हासिल गर्ने वडा तथा स्थानीय तहलाइ बालमैत्री वडा/स्थानीय तह घोषणा गरिने व्यवस्था रहेको छ । तर, पालिकाले यस कार्यक्रमसँग सम्बन्धित निर्देशिकामा उल्लिखित कार्यक्रम सञ्चालन प्रक्रिया अवलम्बन नगरी दुप्चेश्वर मिडिया प्रा लि लाइ बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम प्रतिवेदन निर्माणका लागि कुल रु १५००००। भुक्तानी दिएको छ । यसरी निर्देशिका विपरीत पालिका स्वयंले कार्यक्रम सञ्चालन गर्नुपर्नेमा निजी संस्थालाइ प्रतिवेदन बनाउन दिनु अनियमित देखिएको रु.

अनियमित भएको	१,५०,०००

